
# उच्च भोल्टेज विद्युत प्रसारण लाईन सम्बन्धी केही राम्रा अन्तर्राष्ट्रिय अभ्यासहरू

एफपिक तथा अधिकार मञ्च, लमजुङ्ग, नेपाल



**स्वतन्त्र, अग्रिम जानकारी सहितको मञ्जूरी** (Free Prior and Informed Consent - FPIC/**एफपिक**) **भन्नाले के बुझिन्छ ?**

आफ्नो जीवन पद्धतिलाई नकारात्मक प्रभाव पार्ने परियोजनालाई स्वीकार गर्ने वा नगर्ने सम्बन्धमा आफ्नो मत राख्न पाउने अर्थात् सो परियोजना "हुन्छ या हुन्न" भन्न पाउने अधिकार आदिवासी समुदायलाई हुन्छ । यस अधिकारलाई FPIC भनिन्छ । यो व्यवस्था आदिवासी अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (United Nations Declaration on the Rights of Indigenous Peoples, UNDRIP) र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ (International Labour Organization Convention No.169) जस्ता अन्तर्राष्ट्रिय कानूनहरुमा प्रत्याभूत गरिएका छन् । यी कानूनहरु नेपाल कानून सरह लागू हुन्छन् ।

# स्वतन्त्र, अग्रिम, जानकारी सहितको मञ्जूरी (एफपिक/FPIC) को अर्थ

- **स्वतन्त्र** (Free): कुनै पनि किसिमका डर, धाक, धम्की, करकाप, त्रास, दवाव, अनुचित प्रभाव, लोभ लालच, जालझेल, ,अनेकौ प्रपञ्च, गरेर समुदायलाई प्रभावमा पारिनु हुदैन । अर्थात् परियोजनाको बारेमा समुदायलाई स्वतन्त्र रुपमा सोच्न  दिनु पर्दछ ।

- **अग्रिम** (Prior) परियोजना कार्यान्वयन गर्नुभन्दा अघि उक्त परियोजनाबारे  पर्याप्त समय दिएर समुदायलाई जानकारी दिनु पर्दछ । जसले गर्दा उनीहरूले आफै निर्णय लिनको लागि सहयोग पुगोस् ।

- **जानकारी** (Informed) भन्नाले परियोजना सम्बन्धी सबै सूचनाहरु समुदायले बुझ्ने भाषामा सूचनाहरु उपलब्ध गराउनु पर्दछ । समुदायले परियोजनाको सम्बन्धमा आफ्नो प्रश्न वा सरोकार राख्न पाउनुपर्दछ, र यी प्रश्न वा सरोकारहरूलाई परियोजना तथा सरकारले भरपुर रूपमा सम्बोधन गरेको हुनुपर्दछ।

- **मञ्जूरी** (Consent) भन्नाले परियोजना संचालन गर्नको लागि समुदायले स्वीकृति वा मञ्जूरी दिनु हो । समुदायबाट मञ्जूरी प्राप्त गर्ने प्रक्रियामा परियोजनाले समुदायले उठान गरेका सरोकार वा चासोहरुलाई ध्यान दिई सो अनुरुप परियोजनाको ढाँचा तथा कार्ययोजनामा परिमार्जन अर्थात परिवर्तन गरेको हुनु पर्दछ। समुदायले परियोजनालाई मञ्जूरी दिन अथवा नदिन पनि सक्दछ ।



**यस पर्चाले विद्युत प्रसारण लाईन सम्बन्धी अन्य देशहरूमा भएका सकारात्मक अभ्यास र नेपालको नीति तथा अभ्यासहरू सम्बन्धी  तुलनात्मक जानकारी दिन्छ। विद्युत प्रसारण लाईनले पारेको नकरात्मक प्रभाव र मानव अधिकार हनन् गरेको खण्डमा आफ्नो अधिकार दाबी गर्नको लागि यो जानकारी पर्चा सहयोगी बन्न सक्दछ ।**

# उच्च भोल्टेज विद्युत प्रसारण लाईन भनेको के हो ?




११० केभी (जस्तै १३२ केभी, २२० केभी, र ४०० केभी) भन्दा माथिका क्षमता भएका विद्युत प्रसारण लाईनलाई उच्च भोल्टेज विद्युत प्रसारण लाइन भनिन्छ । जसबाट लामो दुरीसम्म विद्युत आपूर्ती गर्न प्रयोग गरिन्छ । छोटो दुरीमा विद्युत आपूर्ती गर्नको लागि ११ के.भी. वा २२ के.भी. जस्ता कम क्षमताका विद्युत प्रसारण लाईन प्रयोग गरिन्छ ।

यस्तो प्रसारण लाईनलाई वितरण लाईन पनि भनिन्छ। यस्ता प्रसारण लाईनहरुलाई जमिनमुनि वा माथिबाट लान सकिन्छ । जमिनमुनिभन्दा जमिनमाथिबाट प्रसारण लाईन निर्माणको गर्दा कम लागत लाग्दछ ।

जमिनमाथिबाट लगिने प्रसारण लाईनमा "टावरहरू" प्रयोग हुन्छन् । यि टावरहरू धातुले बनेका हुन्छन । यी टावरहरुमा तार टाँगिन्छ र विद्युत शक्तिलाई एक ठाँउबाट अर्को ठाँउमा लगिन्छ ।

टावर र तारमुनि पर्ने जमिनहरुलाई विद्युतको वहावले असर गर्दछ । यस्तो असर पर्ने तारमुनिको दाँया वाँया क्षेत्रका निश्चित क्षेत्रलाई प्रसारण लाईनको "आधिकारिक मार्ग" (Right of Way) भनिन्छ ।

# विद्युत प्रसारण लाईनका प्रभावहरू




## विद्युत प्रसारण लाईन परियोजनाबाट प्रभावित समुदायहरूको चासो र चिन्ता

- परियोजना र यसका असर सम्बन्धी सूचना वा जानकारीको अभाव
- विशेष गरी आदिवासीको स्वतन्त्र, अग्रिम, जानकारी सहितको मञ्जुरी (FPIC) अधिकारलाई सम्मान नगरिएको
- परियोजनाले लिएको र प्रतिबन्ध लगाएको जमिनलाई प्रयोग गर्न नसक्ने अवस्था
- प्रसारण लाईन वरिपरिका जग्गाहरु मूल्यहीन हुनु । विक्रीवितरण हुन नसक्नु
- विद्युत प्रसारण लाईन वरिपरी रहेको जमिनलाई धितो राखी वैंकबाट ऋण प्राप्त गर्न कठिन हुनु जीविकोपार्जनमा असर
- धार्मिक साँस्कृतिक भूमी र श्रोतहरुमा नकारात्मक प्रभाव
- रूखहरू काटिनु र परियोजना क्षेत्र वरपरका चराचुरूंगी र जनावरहरू विद्युत करेन्ट लागेर मर्ने लगायतका वातावरणमा पर्ने अन्य असरहरु
- टावर ढल्ने, चट्याङ पर्ने, करेन्ट लागेर मानिस तथा जीव जन्तुको मृत्यू हुने, जिउधन र सम्पत्तिको सुरक्षा हुन नसक्ने भन्ने चिन्ता
- ध्वनी प्रदुषण, तारको जेलोले परियोजना क्षेत्रका ढाकिने, प्राकृतिक सुन्दरता नष्ट हुने
- विद्युतीय चुम्बकीय (electromagnetic) विकिरणले मानिसको स्वास्थ्य, घरपालुवा जीवजन्तु, र बालीनालीमा पार्ने असरप्रति भय

# समुदायिकस्तरमा लाभ उपलब्ध गराउने

यूरोपका धेरै जसो विद्युत प्रसारण लाईन परियोजनाहरुले प्रभावित समुदायहरूको लाभको लागि बिभिन्न कार्यक्रमहरू उपलब्ध गराउँदछन्। समुदायिकस्तरमा यस्ता कार्यक्रमहरू प्राय, गरेर स्थानीय सरकार, नगरपालिका वा समुदायका समूहहरूलाई उपलब्ध गराइन्छ।

समुदायको जीवनस्तरलाई सहज र सुविधाजनक बनाउनको लागि परियोजनाले समुदायको निम्ति रकम विनियोजन गरेको हुनुपर्दछ । यस्ता रकमले समुदायका लागि स्वास्थ्य कार्यक्रम, बिजुली बत्तिको व्यवस्था, रोजगार मूलक तालिम, र युवा सम्बन्धी कार्यक्रम, आदि पर्दछन् । धेरै जसो ठाउँमा, समुदायहरूले विद्युत प्रसारण लाइन परि-योजनाहरुसँग लाभांश प्राप्त गर्नको लागि पहल गरेकाछन् ।




## नेपालको लागि सिफारिस

परियोजना कम्पनीहरूले सम्बन्धित सरकारहरू र परम्परागत आदिवासी जनजाति नेतृत्वदायी संरचनालाई समुदायिकस्तरमा गरिने खर्चको रकम उपलब्ध गराउनु पर्दछ। यसरी उपलब्ध गराइने रकम स्पष्ट कानून र नीतिमा आधारित हुनुपर्छ र यसलाई स्पष्ट रूपमा कहाँ, कसरी र केका लागि खर्च गरिनुपर्छ भन्ने सम्बन्धमा स्पष्ट निर्देशन दिएको हुनुपर्दछ। रकमको भुक्तान हुने समय अवधि पनि उल्लेख गरिएको हुनुपर्दछ।

## सामुदायिकस्तरको लाभांशको रकम निर्धारण

आयरल्याण्ड र जर्मनी जस्ता केही देशहरूले समुदायहरूलाई एक निश्चित रकम प्रदान गर्दछन् (उदाहरणको लागि, आयरल्याण्डमा लाईनको प्रति किमि नेरू १९ लाख, जर्मनीमा लाईनको प्रति किमि नेरू ५० लाख)। यी रकम प्रसारण लाईन जाने क्षेत्रका समुदायलाई प्रदान गरिन्छ ।

फ्रान्स र इटाली जस्ता अन्य देशहरूमा भने परियोजनाको कूल खर्चको इष्टिमेट निकालिन्छ र त्यसबाट समुदायले पाउनु लाभांशको लागि मात्र केही प्रतिशत रकम (उदाहरणको लागि ६ देखि १० प्रतिशत) छुट्याइन्छ ।





# व्यक्तिहरुलाई न्यायोचित मुआब्जा उपलब्ध गराउनुपर्दछ

## मुआब्जाको प्रतिशत

प्रसारण लाईनको आधिकारिक मार्गमा पर्ने समुदायहरूलाई प्रायजसो मुआब्जा दिइने गरिन्छ। धेरैजसो देशहरूमा जग्गाधनीहरूलाई उनीहरूको जग्गाको १०० प्रतिशत मूल्य या जग्गाको 'बजार मूल्य' भन्दा बढी मुआब्जा दिने गरिएको छ । प्राय गरेर, गाउँ वा समुदायको लागि बजार को मूल्य वा दर तोक्ने काम स्वतन्त्र मूल्यांकनकर्ताले निष्पक्ष र पारदर्शी ढंगबाट गर्ने गर्दछन् ।

कहिलेकाहीं, कुनै जग्गा बढी मूल्यको भएको छ भने त्यस्तो जग्गाधनीले आफूले पाउने मुआब्जा बढाउनुपर्ने माग राख्न सक्दछन् तर त्यसको लागि तथ्यपरक आधार वा कारण हुनुपर्दछ। उदाहरणको लागि, उनीहरूको जग्गा गाउँको पसलहरू नजिक भएकोले गर्दा त्यसको मूल्य बढी हुनुपर्ने देखाउन सकिन्छ।





## नेपालको लागि सिफारिस

नेपालमा प्रचलित अभ्यास अनुसार आधिकारिक मार्गमा पर्ने यस्ता जग्गालाई १० प्रतिशत मुआब्जा दिइने प्रचलन छ, जुन अत्यन्तै कम रकम हो। यद्यपी जग्गा प्राप्त गर्ने कानूनहरुमा चलनचल्तिको मूल्यांकन दिनपर्ने व्यवस्था छ । सरकारले पूरा लाइनमा पर्ने सबैलाई १०० प्रतिशत वा त्योभन्दा बढी मुआब्जा दिने नीति ल्याउनुपर्दछ। यसो गरिएमा नेपालमा गरिने उक्त अभ्यास पनि अन्तर्राष्ट्रिय तवरमा गरिने असल अभ्यासहरूमा पर्न जानेछ।

## प्रसारण लाईनको आधिकारिक मार्गको चौडाई

प्रसारण लाईनको आधिकारिक मार्गको चौडाई भन्नाले प्रसारण लाईनको दायाँ र बाँया परेको जग्गा भन्ने बुझिन्छ। यदी प्रसारण लाईनको आधिकारिक मार्ग ठूलो भए धेरै जग्गा धनीहरुले मुआब्जा प्राप्त गर्न सक्नेछन्। नेपालको प्रचलनमा प्रसारण लाईनको आधिकारिक मार्गका चौडाईहरू यस प्रकार छन् ।

१३२ केभी प्रसारण लाइनको आधिकारिक मार्गको चौडाई १८ मिटर,२२० केभीको लागि ३० मिटर, र यो भन्दा पनि ठुलो प्रसारण लाइनको लागि ४५ मिटर रहेको छ । तल देखाइएको चित्रमा जस्तै, यूरोप र संयुक्त राज्य अमेरिकामा प्रसारण लाईनका आधिकारिक मार्गहरूको चौडाई बढि छन्।




## नेपालको लागि सिफारिस

नेपालका सबै उच्च भोल्टेज विद्युत प्रसारण लाईनका आधिकारिक मार्गहरूको चौडाइ कम्तिमा पनि ६० मिटर बनाइनु पर्दछ।

## अन्य भुक्तानीहरू

धेरैजसो देशहरूमा जग्गाधनीहरूले आफ्नो जग्गाका मुआब्जाका साथसाथै “क्षतिका क्षतिपूर्ति” पनि पाउँदछन्। न्युजिल्याण्ड, क्यानाडा र संयुक्त राज्य अमेरिकामा जग्गा वा सम्पत्तिमा, बालीनाली वा पशुपालनमा आएका क्षतिको पनि क्षतिपूर्ति दिइन्छ ।

केहि देशहरुमा यस्ता परियोजनाले जग्गा लिदा परियोजना र जग्गाधनीहरु बीच कुनै मञ्जूरी पत्रहरुमा हस्ताक्षर गर्नुअघि जग्गाधनीहरुले स्वतन्त्र कानूनी परामर्श लिन पाउन् भन्ने हेतुले परियोजनाले कानूनी परामर्शदाता उपलब्ध गराउने गरेको पाईन्छ ।

आयरल्याण्डमा प्रसारण लाईनको २०० मिटरको वरिपरि परेका घरवालाहरूलाई पनि भुक्तानी दिइन्छ । यस्तो भुक्तानी पाउने घरहरू प्रसारण लाईनको आधिकारिक मार्गमा परेकै हुनुपर्छ भन्ने छैन। यस भुक्तानीले प्रसारण लाईनको आधिकारिक मार्गमा नपरेपनि प्रसारण लाईनको नजिक वा वरपर बस्ने व्यक्तिहरू प्रभावित हुन्छन् भन्ने कुरालाई स्विकारेको हो ।



## जग्गाको अवमुल्यन

विविध कारणले गर्दा प्रसारण लाईनको मुनि वा नजिक परेका जग्गाहरूको मूल्य घट्दछ। उदाहरणको लागि, प्रसारण लाईनले गर्दा ठुला क्षेत्रफलका जग्गालाई कम प्रयोग मात्र गर्न मिल्ने, वा साना साना खण्डमा प्रयोग गर्नुपर्नेबनाउँछ जसले गर्दा पुरै जग्गाले मूल्य घट्दछ।

यसले गर्दा (संयुक्त राज्य अमेरिकाको मिनेसोटा भन्ने राज्यमा जस्तै), जग्गाधनीहरूले आफ्नो पुरै जग्गा परियोजना सञ्चालक कम्पनीलाई बेच्न पाउँदछन् र उनीहरूले यसरी पाएको रकमले अन्य ठाउँमा उक्त रकम बराबरको जग्गा किन्न प्रयोग गर्न पाउनेछन्।

प्रसारण लाईनको नजिक भएका जग्गाहरूको मूल्य पनि घट्ने गर्दछ किनकि धेरैजसो व्यक्तिहरू प्रसारण लाईनको नजिक बस्न रुचाउँदैनन्। केही राज्यहरूमा (न्युजिल्याण्ड, क्यानाडाको ओन्टारियो आदिमा) जग्गाको अवमुल्यन हुँदा दिनुपर्ने मुआब्जाको हिसाब निकालेर उक्त रकम सम्बन्धित जग्गाधनीहरूलाई दिइने गर्दछ।

## नेपालको लागि सिफारिस


नेपालमा पनि जग्गाको अवमुल्यन, र अन्य असरहरूको भुक्तानी गरिनुपर्दछ ।

# भुक्तानी गर्नुपर्ने समय अवधि

## एकै पटक, किस्तामा, वा आवधिक रूपमा

नेपालमा हालको प्रचलनमा जग्गामा निर्माणको काम शुरू हुनु अगाडी मुआब्जाको रकम एकैपटक दिने गरिन्छ। तथापी, अन्य स्थानहरूमा, यसरी मुआब्जा पाउने व्यक्तिहरू वा समुदायहरूलाई यसरी भुक्तानी कसरी र कुन समयमा लिने भन्ने बारेमा विकल्पहरू पनि दिइने गर्दछ। र, उनीहरूले आफू उचित लागेको निर्णय लिन पाउँदछन्।

केही परियोजना सञ्चालक कम्पनीहरूले (संयुक्त राज्य अमेरिका र क्यानाडामा) प्रसारण लाईनको समयअवधीभरि नै वार्षीक भुक्तानी गर्दछन। किस्तामा पनि भुक्तानी दिन सकिन्छ। जस्तै परियोजनाका विभिन्न चरणमा जग्गाधनी र परियोजनाबीच सहमतिपत्रमा हस्ताक्षर गरेको समय निर्माण थालनी गर्दा र प्रसारण लाईनबाट विधुत प्रसारण हुन थालेपछि (आयरल्याण्ड र इटालीमा जस्तै)।




### नेपालको लागि सिफारिस

सरकारले समुदाय वा व्यक्तिहरूलाई एकै पटक वा बार्षिक भुक्तानी वा किस्तामा भुक्तानी लिन पाउने व्यवस्था गर्ने कानून ल्याउनुपर्दछ।

# महिलाहरूसाग सम्बन्धित विषयमा उनीहरूको आवाज सुन्ने

प्रसारण लाईनको निर्माणले महिला र पुरूषलाई फरक प्रकारले असर पारेको हुनसक्छ। उदाहरणको लागि,

- महिलाहरूले जग्गामा बालीनाली लगाउने, नजिकको वनबाट दाउरा घाँस ल्याउने भएपनि जग्गाको मुआब्जा प्राय गरेर पुरूषलाई दिइन्छन्,
- कहिलेकाहीं बाहिरबाट आएका कामदारहरूले महिलाहरूको लागि समस्या सिर्जना गर्छन, र
- प्रसारण लाईन परियोजनाहरूले धेरै जसो पुरूषहरूलाई मात्र रोजगार दिन्छन् र महिलाहरूको लागि रोजगारमूलक काम कम हुन्छन् ।

## नेपालको लागि सिफारिस

परियोजना सञ्चालक कम्पनीहरू र सरकारले :

- महिलाहरूसँग छुट्टै वार्ता गरेको हुनुपर्छ । यि वार्तामा वृद्वा महिलाहरू, अपांगता भएका महिलाहरू, आदिवासी महिलाहरु, दलित महिलाहरू, महिला घरमूलीहरू, र युवा महिलाहरू सबै सहभागी भएको हुनुपर्दछ।
- महिलाहरूलाई निश्चित रूपमा लाभ पुर्याउने कार्यहरू गर्ने । जस्तै आयस्रोत आर्जनका काम, तालिम, safety nets, स्वास्थ्य, र कानूनी जानकारी दिने



# यस पुस्तिकाको बारेमा

एफपिक तथा अधिकार मञ्च, लमजुङ्ग, नेपालको आग्रहमा नेपालका आदिवासीहरुको मानव अधिकार सम्बन्धी वकिल समूह (लाहुर्निप) र एकाउन्टिबिलिटी काउन्सेलले यो पर्चा तयार पारेको हो ।

यस पर्चामा भएका जानकारीहरू "International Best Practices to Secure Local Community Consent for High Voltage Transmission Lines" शिर्षकको प्रतिवेदनबाट लिइएको हो । स्रोत सामाग्री सहितको थप जानकारी को लागि, उक्त रिपोर्ट पढ्न सकिनेछ।




# एफपिक तथा अधिकार मञ्चको बारेमा

एफपिक तथा अधिकार मञ्च लमजुङ्ग जिल्लाका आदिवासी तथा स्थानीय व्यक्तिहरूको समूह हो । उक्त जिल्लाका आदिवासी तथा स्थानीय समुदायका सदस्यहरु एकभन्दा बढी जलविद्युत परियोजनाहरु र विद्युत प्रसारण लाईनबाट प्रभावित भएका छन् । जस्तो, युरोपेली बैंकको लगानी रहेको २२० केभीको मर्स्याङ्गदी करिडोर, र १३२ केभीको भुलभुले मध्य मर्स्याङ्गदी प्रसारण लाईन आदि ।

जल विद्युत र प्रसारण लाईन परियोजनाहरु उनीहरुको सहभागिता, परामर्श र सहमतिबिना संचालनमा ल्याईएको हुँदा प्रभावित समुदायकाहरु चिन्तित रहेका छन् । आफ्नो अधिकारलाई दावी गर्नको लागि गाउँस्तरमा प्रभावित समुदायका सदस्यहरुले विभिन्न संघर्ष समितिहरु गठन गरेर आवाजहरुउठान गरिरहेका छन् । यी गाउँ स्तरीय संघर्ष समितिहरुको छाता संगठनको रुपमा एफपिक तथा अधिकार मञ्च रहेको छ । यस संगठनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूले प्रत्याभूत गरेका अधिकारहरुको आधारमा आफ्ना कानून सम्मत मागहरुलाई उठान गरी रहेका छन् ।

## लाहुर्निपको बारेमा

लाहुर्निप संस्था नेपालको आदिवासीहरुको मानव अधिकार सम्बन्धी काम गर्नको लागि स्थापित संस्था हो । यसले आदिवासीहरुको मानव अधिकार प्रवर्द्धनको र प्रतिरक्षाको निम्ति आदिवासी तथा स्थानीय समुदायहरुलाई कानूनी सहयोग उपलब्ध गराउँदै आएको छ ।

## एकाउन्टीबिलिटी काउन्सेलको बारेमा

एकाउन्टीबिलिटी काउन्सेल संयुक्त राज्य अमेरिकामा स्थित सँस्था हो । जसले विश्वभरका समुदायहरूले आफ्नो मानवअधिकार र वातावरणको रक्षाको लागि उठाउने आवाजलाई बुलन्द बनाउँछ। अन्तर्राष्ट्रिय लगानी रहेका परियोजनाहरूबाट क्षति बेहोरेका व्यक्तिहरूको बहस पैरवीको रूपमा एकाउन्टीबिलिटी काउन्सेलले समुदायको न्यायको निम्ति कार्य गर्दछ ।